# फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८२

## प्रमाणित मितिः २०८२।०६।२१, ७३ औ कार्यपालिका निर्णय नं. ४.२

बुढानीलकण्ठ नगरपालिकाको फोहरमैला व्यवस्थापन ऐन, २०८२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी देहाय बमोजिमको कार्यविधि निर्माण गरिएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यो कार्यविधिको नाम बुढानीलकण्ठ नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि २०८२ रहेको छ ।

२) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"अजैविक"** भन्नाले छिट्टै सडीगली नजाने वा छिट्टै नकुहिने पदार्थ सम्झनुपर्छ ।

ख) **"उत्पादन स्रोत"** भन्नाले फोहरमैला निस्कने, उब्जने वा फोहरमैला निष्कन सुरु हुने ठाँउ सम्झनुपर्छ ।

ग) **"ऐन"** भन्नाले बुढानीलकण्ठ नगरपालिकाको फोहोरमैला व्यवस्थापन ऐन २०८१ सम्झनुपर्छ ।

घ) **"जैविक"** भन्नाले छिट्टै कुहिने वा सड्ने गल्ने पदार्थ सम्झनुपर्छ र सो शब्दले जैविक चिजवस्तु प्रयोग गरी बनाइएका कागज,काठ समेतलाई जनाउँनेछ ।

३. **फोहरमैला पृथकीकरण तथा व्यवस्थापनः** (१) नगरपालिकाले ऐनको दफा (६) बमोजिम कम्तीमा जैविक र अजैविक लगायतका फोहरमैलालाई स्रोतमै छुट्याउने गरी तोक्दा हानिकारक वा रासायनिक फोहरमैलालाई छुट्टाछुट्टै पृथकीकरण तथा व्यवस्थापन गर्ने गरी तोक्नु पर्नेछ । यसरी तोकिएकोमा फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले सोही बमोजिम पृथकीकरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पृथकीकरण गरिएको रासायनिक वा हानिकारक फोहरमैला व्यवस्थापन गर्ने दायित्व सम्बन्धित उत्पादकको हुनेछ ।

(३) नगरपालिकाले उपदफा (१) बमोजिम फोहरमैला स्रोतमै छुट्याउने, फोहरमैलाको उत्पादन स्रोतमै कम गर्ने र व्यवस्थापनको उपयुक्त प्रविधि अवलम्बन गर्ने सम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नेछ ।

४. **फोहरमैलाको निष्काशन** (१) नगरपालिकाले फोहरमैला निष्काशनको समय, स्थान र तरिका निर्धारण गर्दा फोहरमैला ढुवानी, प्रशोधन र अन्तिम विसर्जनका लागि सजिलो हुने गरी निर्धारण गर्नु पर्नेछ ।

(२) नगरपालिकाले प्रशोधन स्थलमा लैजानु पर्ने फोहरमैलाका लागि छुट्टै समय, स्थान र तरिका समेत निर्धारण गर्न सक्नेछ ।

(३) नगरपालिकाले दफा (१) र (२) बमोजिम फोहरमैला निष्काशन तथा सोको व्यवस्थापनका लागि समय, स्थान र तरिका निर्धारण गर्दा जनस्वास्थ्य तथा वातावरणमा पर्न सक्ने प्रतिकूल प्रभाव र त्यसका न्यूनिकरणका उपायहरु समेतलाई ध्यान दिनु पर्नेछ ।

५. **हानिकारक वा रासायनिक फोहरमैला निष्काशन तथा व्यवस्थापन** : (१) हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैला अन्य फोहरमैलासँग मिसाई निष्काशन गर्न हुँदैन ।

(२) हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैला प्रशोधन गरी सामान्य फोहरमैला सरह भएपछि मात्र त्यसको अन्तिम निष्काशनको व्यवस्था गर्नु पर्नेछ ।

(३) हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैला व्यवस्थापन गर्ने दायित्व भएका व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला उत्पादन, प्रशोधन, निष्काशन तथा व्यवस्थापन गर्न नगरपालिकाबाट स्वीकृति लिनुपर्नेछ । यसरी स्वीकृति लिएपछि फोहरमैला व्यवस्थापन गर्दा अपनाइने तरिका, मापदण्ड, विधि, प्रविधि र व्यवस्थापन स्थलको सम्बन्धमा नगरपालिकालाई जानकारी गराई सोको अभिलेख राख्नु पर्नेछ ।

(४) नगरपालिकाले उपदफा (३) बमोजिमको स्वीकृति दिंदा स्वीकृतिको लागि पेश गरिएको विधि र प्रविधि नेपाल सरकारले तोकेको मापदण्ड अनुकूल भए नभएको एकिन गरी स्वीकृति दिनु पर्नेछ।

(५) नगरपालिकाले उपदफा (३) बमोजिम स्वीकृति लिने व्यक्ति, संस्था वा निकायले हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैला व्यवस्थापन गर्न लिएको स्वीकृति बमोजिमको तरिका, मापदण्ड, विधि, प्रविधि र व्यवस्थापन स्थल अनुसार व्यवस्थापन गरे/नगरेको अनुगमन गर्नेछ ।

(६) प्रशोधन पश्चातको हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैला नगरपालिका मार्फत व्यवस्थापन गर्नु पर्ने भएमा फोहरमैला व्यवस्थापनको दायित्व भएको व्यक्ति, संस्था वा निकायले नगरपालिकालाई अनुरोध गर्न सक्नेछ र त्यसरी अनुरोध भै आएमा नगरपालिकाले सेवा शुल्क लिई उक्त फोहरमैला व्यवस्थापन गर्न सक्नेछ ।

(७) हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैलाको संकलन, भण्डारण तथा स्थानान्तरण गर्दा सुरक्षित विधि अवलम्बन गर्नु पर्नेछ ।

(८) हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैला प्रशोधन गर्दा त्यस्तो फोहरमा रहेका हानिकारक तत्व नष्ट हुने गरी गर्नु पर्नेछ र सामान्य फोहरमैला सरह भएपछि मात्र त्यसको अन्तिम निष्काशन तथा विसर्जनको व्यवस्था गर्नु पर्नेछ ।

(९) हानिकारक, रासायनिक, जैविक वा अजैविक फोहरमैला उत्पादन गर्ने व्यक्ति, संस्था वा निकायले त्यस्तो फोहरमैला व्यवस्थापन सम्बन्धमा नेपाल सरकारले निर्धारण गरेको मापदण्ड र प्रचलित वातावरणीय कानूनको पूर्णरुपमा पालना गर्नु पर्नेछ ।

६. **स्वास्थ्य संस्थाजन्य फोहरमैलाको निष्काशन तथा व्यवस्थापन** : (१) स्वास्थ्य संस्थाले आफूले उत्पादन तथा निष्काशन गरेको स्वास्थ्य संस्थाजन्य फोहरमैलालाई स्रोतमै पृथकीकरण गरी प्रशोधन तथा व्यवस्थापन गर्नु पर्नेछ ।

(२) स्वास्थ्य संस्थाजन्य हानिकारक फोहरमैलाको निर्मलीकरण, प्रशोधन र व्यवस्थापन गर्दा अपनाइने विधि, प्रविधि र व्यवस्थापन स्थलको सम्बन्धमा नगरपालिकाबाट स्वीकृति लिनु पर्नेछ । नगरपालिकाले यसरी स्वीकृति दिंदा स्वीकृतिको लागि पेश गरिएको विधि, प्रविधि र व्यवस्थापन स्थल नेपाल सरकारले तोकेको मापदण्ड अनुकूल भए नभएको एकिन गरी स्वीकृति दिनु पर्नेछ ।

(३) उपदफा(२) बमोजिम स्वीकृति प्राप्त स्वास्थ्य संस्थाले स्वास्थ्य संस्थाजन्य फोहरमैलाको प्रशोधन, निर्मलीकरण एवं व्यवस्थापन सम्बन्धी कार्य आफैले गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम प्रशोधन, निर्मलीकरण एवं व्यवस्थापन सम्बन्धी कार्य आफैले गर्न नसक्ने भएमा स्वास्थ्य संस्थाले प्रशोधन, निर्मलीकरण एवं व्यवस्थापन गर्नको लागि नगरपालिकालाई अनुरोध गर्न सक्नेछ । यसरी अनुरोध गरेमा सोको प्रशोधन, निर्मलीकरण एवं व्यवस्थापन नगरपालिकाले आफैंले वा आफ्नो समन्वयमा गर्न सक्नेछ ।

(५) स्वास्थ्य संस्थाबाट उत्पादन तथा निष्काशन हुने सामान्य प्रकृतिका फोहरमैला तथा स्वास्थ्य संस्थाजन्य हानिकारक फोहरमैलालाई प्रशोधन तथा निर्मलीकरण गरे पश्चात् उक्त फोहरमैला समेतलाई नगरपालिकाले सम्बन्धित स्वास्थ्य संस्थासँग सेवा शुल्क लिई विसर्जन गर्ने व्यवस्था मिलाउन सक्नेछ ।

(६) स्वास्थ्य संस्थाजन्य संक्रमित फोहर पूर्णरुपमा निर्मलीकरण भए नभएको सम्बन्धमा मान्यता प्राप्त प्रयोगशालाबाट जाँच गराई प्रमाणित गराउनु पर्नेछ ।

(७) स्वास्थ्य संस्थाजन्य हानिकारक फोहरमैला उत्पादन गर्ने स्वास्थ्य संस्थाले त्यस्तो फोहरमैला व्यवस्थापन सम्बन्धमा प्रचलित वातावरणीय कानून र मापदण्डको पूर्णरुपमा पालना गर्नु पर्नेछ ।

(८) उपनियम (३) बमोजिम स्वीकृति लिई स्वास्थ्य संस्थाजन्य फोहरमैला व्यवस्थापन गर्ने स्वास्थ्य संस्थाले स्वीकृत विधि, प्रविधि र स्थलको प्रयोग गरी व्यवस्थापन प्रविधि र स्थलको प्रयोग गरे नगरेको अनुगमन नगरपालिकाले गर्नेछ ।

७. **फोहरमैला ढुवानी सम्बन्धमाः** नगरपालिकाले फोहरमैला ढुवानी गर्दा/गराउँदा देहाय बमोजिमका व्यवस्था भएका ढुवानी साधन प्रयोग गर्ने गरी व्यवस्था गर्नु पर्नेछ :-

क) फोहर नदेखिने, नझर्ने तथा झोल पदार्थ नचुहिने,

ख) फोहरमैलाबाट गन्ध र लिचेट बाहिर ननिस्कने,

ग) फोहरमैला सजिलैसँग राख्न र निकाल्न सकिने,

घ) सडकको क्षमता तथा अवस्थाको अनुकूल हुने,

ङ) स्रोतमा छुट्टाई निष्काशन तथा सङ्कलन गरिएका फोहरमैलाको अलग अलग व्यवस्थापन हुने

८. **फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन** (१) नगरपालिकाले फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन गर्दा/गराउँदा देहायका कुराहरु अवलम्बन गर्ने गरी गर्नुपर्नेछ :-

क) फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन गर्दा निस्कने लिचेट, ग्यास र दुर्गन्ध लगायतका कारणबाट त्यस क्षेत्रको वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव न्यूनिकरणका उपायहरु,

ख) फोहरमैला व्यवस्थापन स्थलको भौगोलिक अवस्थामा आउन सक्ने परिवर्तन र त्यसको व्यवस्थापनका उपायहरु,

ग) फोहरमैला व्यवस्थापन स्थल वरिपरिको जनजीवनमा पर्न सक्ने आर्थिक, सामाजिक, भौतिक तथा जैविक प्रभाव र त्यसको व्यवस्थापनका उपायहरु,

घ) फोहरमैला व्यवस्थापन स्थल सञ्चालनबाट उत्पन्न हुने अवसर त्यसको सदुपयोग सम्बन्धी व्यवस्था,

ङ) फोहरमैला व्यवस्थापन स्थल सञ्चालनका समयमा सो स्थानमा आवतजावत बन्द गर्नु पर्ने र सो सम्बन्धमा अपनाउनु पर्ने सचेतना सम्बन्धी विषय ।

(२) फोहरमैला व्यवस्थापन स्थलको सञ्चालन सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले सोको सम्बन्धमा तोकेको मापदण्ड तथा ऐनमा उल्लेख गरिए बमोजिम हुनेछ ।

९. **फोहरमैला व्यवस्थापन स्थल बन्द पश्चातको व्यवस्थापनः** (१) फोहरमैला व्यवस्थापन स्थल बन्द गरे पश्चातको व्यवस्थापन देहाय बमोजिम गर्नु पर्नेछः

क) फोहरमैला व्यवस्थापन स्थलमा फोहर विसर्जन गर्ने कार्य बन्द भए पश्चात् सो स्थलबाट निस्कने लिचेट, ग्यास, दुर्गन्ध लगायतले उक्त क्षेत्रको वातावरणमा पर्न सक्ने नकारात्मक प्रभाव र त्यसको न्यूनीकरणका उपायहरु अवलम्बन गर्ने,

ख) फोहरमैला व्यवस्थापन स्थल बन्द पश्चात् निस्कने ग्यासको उपयोग तथा व्यवस्थापन सम्बन्धी उपायहरु अवलम्बन गर्ने,

ग) फोहरमैला व्यवस्थापन स्थल बन्द पश्चात् सो क्षेत्रको पुनःप्रयोगको सम्भावना, पुनःप्रयोग गर्दा अवलम्बन गर्नु पर्ने विधि तथा उपायहरु अवलम्बन गर्ने,

घ) फोहरमैला व्यवस्थापन स्थल बन्द पश्चात् सो स्थल वरिपरिको प्रभावित क्षेत्रको व्यवस्थापनका उपायहरु अवलम्बन गर्ने,

ङ) फोहरमैला व्यवस्थापन स्थल बन्द पश्चात् निश्चित समयसम्म सो स्थलमा आवतजावत बन्द गर्नु पर्ने र अपनाउनु पर्ने सचेतना सम्बन्धी विषयहरु अवलम्बन गर्ने,

च) प्रारम्भिक वातावरणीय परीक्षण तथा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदनका सुझावहरुको अवलम्बन गर्ने ।

(२) फोहरमैला व्यवस्थापन स्थलको बन्द पश्चातको व्यवस्थापन सम्बन्धी अन्य व्यवस्था नगरपालिकाले सोको सम्बन्धमा तोकेको मापदण्ड तथा निर्देशिकामा उल्लेख गरिए बमोजिम हुनेछ।

१०. **अनुमतिपत्रका लागि निवेदन दिनेः** (१) यस नगरपालिकामा फोहरमैला व्यवस्थापन गर्न चाहने कम्पनी, संस्था वा निकायले **अनुसूची-१** बमोजिमको ढाँचामा आवश्यक कागजात तथा नगरपालिकाले तोकेको दस्तुर संलग्न गरी ऐनको दफा (१३) को उपदफा २ मा उल्लिखित विवरणका अतिरिक्त देहायका विवरण खुलाई नगरपालिकामा निवेदन दिनु पर्नेछः-

क) फोहरमैला व्यवस्थापन गर्न आवश्यक पर्ने आर्थिक स्रोत, जनशक्ति, फोहरमैला संकलन तथा ढुवानी साधन, कार्य अनुभवको विवरण,

ख) फोहरमैला व्यवस्थापन गर्न चाहेको कार्यक्षेत्र,

ग) फोहरमैला संकलन, स्थानान्तरण, प्रशोधन र अन्तिम विसर्जन गर्न आवश्यक पर्ने जग्गाको व्यवस्था,

घ) फोहरमैला व्यवस्थापन गर्ने विधि र तरिका,

ङ) सामाजिक दायित्व पूरा गर्ने सम्बन्धमा प्रस्तावित व्यवस्था,

च) फोहरमैला व्यवस्थापन गर्न चाहेको समय र अवधि,

छ) फोहरमैला व्यवस्थापनबाट वातावरणमा पर्न सक्ने प्रभाव न्यूनिकरणका उपायहरु,

ज) फोहरमैला उत्पादकले बहन गर्नु पर्ने दायित्व र तिर्नु पर्ने शुल्क,

(२) उपदफा (१) बमोजिम निवेदन दिंदा फोहरमैला व्यवस्थापन व्यावसायिक रुपमा गर्ने हो वा नाफा कमाउने उद्देश्य नराखी सामुदायिक वा सामाजिक रुपमा गर्ने हो सो कुरा स्पष्ट खुलाउनु पर्नेछ ।

११. **अनुमति पत्र दिन सक्नेः** (१) ऐनको दफा (१३) उपदफा ३ बमोजिमको निवेदनसाथ प्राप्त हुन आएको कागजात तथा विवरण उपर नगरपालिकाले आवश्यक छानविन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त कागजात तथा विवरण उपर छानविन गर्दा आवश्यक कागजात तथा विवरण पेश नगरेको पाइएमा त्यस्तो कागजात तथा विवरण पेश गर्न सम्बन्धित निवेदकलाई पन्ध्र दिनको म्याद तोकी निवेदन परेको मितिले सात दिनभित्र सूचना दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कुनै कागजात तथा विवरण पेश गर्न नगरपालिकाले म्याद तोकी सूचना दिएकोमा त्यस्तो कागजात प्राप्त भएपछि नगरपालिकाले आवश्यक छानविन गरी स्वीकृति प्रदान गर्न उपयुक्त देखिएमा नगरपालिकाले निर्धारण गरेको शुल्क लिई **अनुसूची-२** बमोजिमको ढाँचामा तीस दिनभित्र निवेदकलाई अनुमतिपत्र दिनु पर्नेछ ।

(४) निवेदकलाई अनुमतिपत्र दिन उपयुक्त नहुने देखिएमा कारणसहित सात दिनभित्र सो को जानकारी दिनु पर्नेछ ।

(५) नगरपालिकाले अनुमतिपत्र दिँदा व्यावसायिक र गैर व्यावसायिक रुपमा फोहरमैला व्यवस्थापन गर्न छुट्टाछुट्टै अनुमतिपत्रको व्यवस्था गर्न सक्नेछ ।

(६) अनुमतिपत्रको अवधि १ वर्षको हुनेछ ।

**१२. अनुमतिपत्र रद्द गर्न सक्ने** नगरपालिकाले दफा ११ बमोजिम दिएको अनुमतिपत्र देहायको अवस्थामा रद्द गर्न सक्नेछः-

(क) अनुमतिपत्रमा उल्लिखित शर्त उल्लंघन गरेमा,

(ख) तोकिएको मापदण्ड बमोजिम फोहरमैला व्यवस्थापन नगरेमा

(ग) प्रचलित वातावरणीय कानूनको उल्लंघन गरेमा,

(घ) नविकरण नगरेमा ।

**१३. अनुमतिपत्रको नविकरण सम्बन्धी व्यवस्थाः** (१) ऐनको दफा १३ को उपदफा ५ बमोजिम अनुमतिपत्र प्राप्त कम्पनी, संस्था वा निकायले अनुमतिपत्रको अवधि समाप्त हुनु भन्दा छ महिना अगावै नगरपालिकाले तोके बमोजिमको दस्तुर संलग्न गरी **अनुसूची-३** बमोजिमको ढाँचामा अनुमतिपत्र नविकरणका लागि नगरपालिकामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएको निवेदन सम्बन्धमा नगरपालिकाले म्याद सकिनु भन्दा तीन महिना अगावै निर्णय गरिसक्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम पर्न आएको निवेदन उपर छानविन गरी नगरपालिकाले अनुमतिपत्रको नविकरण गर्न सक्नेछ ।

(४) उपदफा (१) बमोजिमको अवधिभित्र अनुमतिपत्र नविकरण नगराएमा वा अनुमतिपत्र नविकरण नहुने भएमा सो अनुमतिपत्र म्याद सकिएको मितिबाट रद्द भएको मानिनेछ। अनुमतिपत्र

नविकरण नहुने अवस्थामा नगरपालिकाले म्याद सकिनुभन्दा तीन महिना अगावै फोहरमैला व्यवस्थापनको लागि अनुमतिपत्र सम्बन्धी आवश्यक कारवाही अगाडि बढाउनु पर्नेछ।

१४. **फोहरमैला व्यवस्थापन कार्यमा गैर सरकारी संस्थाको संलग्नताः** (१) ऐनको दफा १७ को प्रयोजनको लागि नगरपालिकाले फोहरमैला स्रोतमै छुट्याउने, स्रोतमै न्यूनिकरण गर्ने, फोहरमैलाको पुनःप्रयोग तथा पुनःचक्रीय प्रयोग सम्बन्धमा फोहरमैला उत्पादन गर्ने कम्पनी, संस्था तथा निकायलाई सशक्तिकरण गर्न र फोहरमैला व्यवस्थापन सम्बन्धी जनचेतना अभिवृद्धि गराउने कार्यमा सामुदायिक एवं गैर सरकारी संस्थालाई परिचालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यका लागि नगरपालिकाले फोहरमैला व्यवस्थापनको क्षेत्रमा कार्य गर्ने सामुदायिक एवं सरकारी संस्थाको सूची तयार गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको कार्यका लागि सामुदायिक एवं गैर सरकारी संस्थाको सूची तयार गरी परिचालन गर्ने सम्बन्धी प्रकृया प्रचलित कानून बमोजिम हुनेछ ।

१५. **मापदण्डको पालनाः** (१) फोहरमैला व्यवस्थापन स्थल वा प्रशोधन स्थल सञ्चालन गर्न नगरपालिकाबाट स्वीकृति प्राप्त गरेको निजी क्षेत्रले **अनुसूची-४** बमोजिमको मापदण्ड तथा स्वीकृति दिँदाका शर्तहरुको अधिनमा रही कार्य गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वीकृति प्राप्त निजी क्षेत्रले नगरपालिकाले तोकेको मापदण्ड तथा निर्देशिकाको पालना नगरेमा नगरपालिकाले देहाय बमोजिमको प्रकृया पुरा गरी स्वीकृति रद्द गर्न सक्नेछः-

(क) नगरपालिकाले स्वीकृति प्राप्त निजी क्षेत्रको फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यको अनुगमन गर्दा नगरपालिकाले तोकेको मापदण्ड र निर्देशिकाको पालना नगरेको पाइएमा त्यस्तो निजी क्षेत्रलाई पहिलो पटकको लागि नब्बे दिनसम्मको म्याद दिई सुधार गर्न निर्देशन दिने,

(ख) निजी क्षेत्रले खण्ड (क) बमोजिमको निर्देशन बमोजिम आंशिक सुधार गरी समय नपुग भएको भनी नगरपालिकासंग समय थप्न माग गरेमा नगरपालिकाले बढीमा साठी दिनसम्मको समय थप गर्न सक्ने,

(ग ) खण्ड (क) बमोजिमको अवधिभित्र नगरपालिकाले दिएको निर्देशन बमोजिम सम्बन्धित निजी क्षेत्रले सुधार नगरेमा त्यस्तो निजी क्षेत्रले पाएको स्वीकृति रद्द गर्न सक्ने,

(घ) नगरपालिकाले खण्ड (ग) बमोजिम स्वीकृति रद्द गरेको जानकारी सम्बन्धित निजी क्षेत्र र सरोकारवाला समेतलाई दिने ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि फोहरमैला व्यवस्थापन स्थल, प्रशोधन स्थल वा अन्य संयन्त्र सञ्चालन सम्बन्धी स्वीकृति रद्द भएको कारणले स्वीकृति प्राप्त निजी क्षेत्रले

सो स्वीकृति बमोजिम काम नगरेको कारणले कसैलाई हानी नोक्सानी भएको पाइएमा त्यस्तो हानी नोक्सानी स्वीकृति प्राप्त निजी क्षेत्रले व्यहोर्नु पर्नेछ र त्यस्तो निजी क्षेत्रले नगरपालिकालाई बुझाउनु पर्ने कुनै रकम बाँकी रहेको भए सो समेत नगरपालिकाले असूल उपर गर्नेछ ।

१६. **सेवा शुल्क निर्धारणः** (१) नगरपालिकाले फोहरमैला व्यवस्थापन सम्बन्धी सेवा शुल्क निर्धारण गर्दा ऐनको दफा १८ को उपदफा (२) मा उल्लिखित कुराहरुको अतिरिक्त देहायको आधारमा गर्नु पर्नेछः-

(क) फोहरमैला उत्पादकले उत्पादन स्रोतमा नै फोहरमैला व्यवस्थापन गर्न अवलम्बन गरेका प्रविधि, विधि र प्रक्रिया,

(ख) फोहरमैला उत्पादकले निष्काशन गर्ने फोहरको आकार, प्रकार र किसिम,

(ग) निष्काशित फोहरबाट वातावरणमा पर्ने प्रभाव,

(घ) फोहरमैला व्यवस्थापनमा लाग्ने अनुमानित खर्च ।

(२) नगरपालिकाले निजी क्षेत्र, सामुदायिक एवं गैर सरकारी संघ, संस्थासँगको साझेदारीमा फोहरमैला व्यवस्थापन सम्बन्धी कार्य गरेकोमा त्यस्तो निजी क्षेत्र, सामुदायिक एवं गैर सरकारी संघ, संस्थाले उठाउन पाउने सेवा शुल्क उपदफा(१) बमोजिमका आधारमा निर्धारण गर्नु पर्नेछ ।

१७. **अनुगमन सम्बन्धी व्यवस्थाः** (१) नगरपालिकाले फोहरमैला व्यवस्थापन गर्ने सम्बन्धमा देहायका विषयमा अनुगमन गर्न सक्नेछः-

(क) फोहरमैला स्रोतमै घटाउने उपायहरु तथा प्रविधिको अवलम्बन गरे नगरेको,

(ख) फोहरमैलाको न्यूनिकरणका लागि फोहरको पुनःप्रयोग तथा पुनःचक्रीय प्रयोग सम्बन्धी नगरपालिकाले तोकेको विधि अवलम्बन भए नभएको,

(ग) फोहरमैलालाई स्रोतमै छुट्याए, नछुट्याएको र छुट्याइएको फोहरमैला तोकिएको स्थान, समय र तरिका बमोजिम निस्काशन गरे नगरेको,

(घ) फोहरमैला व्यवस्थापन सम्बन्धमा नगरपालिकाबाट तोकिएका कुराहरुको पालना भए नभएको।

१८. **अनुसूचीमा हेरफेर वा थपघट गर्न सक्नेः** नगरपालिकाले स्थानीय राजपत्रमा सूचना प्रकाशित गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

१९. **खारेजी तथा बचाउः** (१) फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ खारेज गरिएको छ।

(२) फोहरमैला व्यवस्थापन सम्बन्धी कार्यविधि, २०७५ बमोजिम भए गरेका काम कारवाही यसै कार्यविधि बमोजिम भए गरेको मानिनेछ।

## अनुसूची -१
## (दफा १० को उपदफा (१) सँग सम्बन्धित)

श्रीमान् ....................... ज्यू
बुढानीलकण्ठ नगरपालिका ।

**<u>विषयः- फोहरमैला व्यवस्थापन गर्न अनुमती पाऊँ ।</u>**

...................................................................स्थायी/अस्थायी ठेगाना भएको म/हामी यस नगरपालिकाको .............. क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न चाहेकोले देहायको विवरण खोली उक्त क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न फोहरमैला व्यवस्थापन ऐन, २०८१ को दफा १३ को उपदफा (३) र फोहरमैला व्यवस्थापन कार्यविधि, २०८२ को दफा १० को उपदफा (१) बमोजिम अनुमतिपत्र पाउन यो निवेदन पेश गरेको छु।

विवरणः

१. फोहरमैला व्यवस्थापन गर्न आवश्यक पर्ने आर्थिक स्रोत, जनशक्ति, संकलन तथा ढुवानी साधन र कार्य अनुभवको विवरण,
२. फोहरमैला व्यवस्थापन गर्न चाहेको क्षेत्र,
३. फोहरमैला व्यवस्थापन गर्न आवश्यक पर्ने जग्गाको व्यवस्था,
४. फोहरमैला व्यवस्थापन गर्ने तरिका एवं विधि,
५. फोहरमैला व्यवस्थापन सम्बन्धी योजना,
६. फोहरमैला व्यवस्थापनमा प्रयोग गर्ने प्रविधि,
७. कर चुक्ता गरेको प्रमाणपत्र,
८. संस्था/फर्म/कम्पनी नविकरण।

निवेदकः
हस्ताक्षरः
नाम थरः
ठेगानाः
मितिः

## अनुसूची -२

### (दफा ११ को उपदफा (१) सँग सम्बन्धित)

श्री .........................

..............................

**<u>विषयः- अनुमतिपत्र ।</u>**

तपाई ..................... ........................ ................... स्थायी/अस्थायी ठेगाना भएको श्री ................................. ले काठमाडौं जिल्ला बुढानीलकण्ठ नगरपालिकाको ........................ क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न चाहेकोले देहायको शर्तहरुको अधिनमा रही फोहरमैला व्यवस्थापन गर्न फोहरमैला व्यवस्थापन ऐन, २०८१ को दफा १३ को उपदफा (३) र फोहरमैला व्यवस्थापन कार्यविधि, २०८२ को दफा ११ को उपदफा (१) बमोजिम यो अनुमतिपत्र प्रदान गरिएको छ।

शर्तहरुः

१. ...................................................

२. ...................................................

३. ..................................................

अनुमति पत्र प्रदान गर्ने अधिकारी

हस्ताक्षरः

नाम थरः

पदः

मितिः

## अनुसूची -३

## (दफा १३ को उपदफा (१) सँग सम्बन्धित)

श्रीमान् ......................... ज्यू,
बुढानीलकण्ठ नगरपालिका।

**विषयः- अनुमतिपत्र नविकरण गरी पाउँ।**

काठमाडौं जिल्ला बुढानीलकण्ठ नगरपालिकाको ......................... क्षेत्रमा फोहरमैला व्यवस्थापन गर्न त्यस कार्यालयबाट मितिः ...................... मा अनुमतिपत्र प्राप्त गरेकोमा उक्त अनुमतिपत्रको म्याद मिति ...................... सम्म रहेको छ। फोहरमैला व्यवस्थापन कार्यविधि, २०८२ को दफा १३ बमोजिम उक्त अनुमतिपत्र नवीकरण दस्तुर रु.......................... संलग्न गरी अनुमतिपत्र नविकरणका लागि यो निवेदन पेश गरेको छु।

निवेदक
हस्ताक्षरः
नाम थरः
ठेगानाः
मितिः

# अनुसूची -४

## (दफा १५ को उपदफा (१) सँग सम्बन्धित)

बुढानीलकण्ठ नगरपालिकामा फोहोरमैला व्यवस्थापन सेवा कार्य गर्न नगरपालिकाबाट स्वीकृति प्राप्त गरेको तथा सूची दर्ता भएका निजी क्षेत्रले तपसिल बमोजिमको मापदण्ड अनुसारका कागजात, जनशक्ति, उपकरण/सामग्री तथा अन्य आवश्यकताहरू पूरा गरी तोकिए बमोजिमका शर्तहरुको पालना गर्नु पर्दछ ।

## <u>तपसिल</u>

**आवश्यक कागजातहरू :**

१. संस्था(कम्पनी रजिष्ट्रार वा सम्बन्धित कार्यालयबाट) फर्म दर्ता प्रमाणपत्र/, प्रतिलिपि
२. PAN/VAT प्रमाणपत्र आन्तरिक राजस्व विभागद्वारा जारी प्रमाण पत्र प्रतिलिपि
३. कर चुक्ताको प्रमाणपत्रको प्रतिलिपि,
४. संस्थाको परिचयात्मक विवरण विधान), प्रवन्धपत्र, अन्य आवश्यक सामाग्री (
५. अनुभव प्रमाणपत्र पूर्वमा संचालन गरेको परियोजनाको सिफारिस प (यदि उपलब्ध)त्र वा सम्झौता प्रतिलिपि
६. प्रस्तावित कार्ययोजना नगरभित्र कसरी सेवा दिने भन्ने स्पष्ट योजना
७. संगठन संरचना तथा मानव संसाधन विवरण कर्मचारीहरूको नाम), पद, योग्यता(
८. फोहोर व्यवस्थापन सम्बन्धी तालिम वा प्रमाणपत्र  दक्षताको प्रमाणस्वरूप (भएमा)
९. यस नगरपालिकामा काम गरेको प्रमाण (सूचीकरणको हकमा)

**२.आवश्यक जनशक्तिः**

| सि.नं. | पद/कर्मी | न्यूनतम संख्या | योग्यता |
|---|---|---|---|
| १. | परियोजना/कार्य संयोजक | १ | कम्तीमा १२ कक्षा उतीर्ण, व्यवस्थापन अनुभव |
| २. | फोहोर संकलन सहयोगी | आवश्यकतानुसार (३ प्रति टोल वा गाडी) | न्यूनतम साक्षरता र दक्षता |
| ३. | वर्गीकरण तथा प्रशोधन कर्मचारी | सेवा क्षेत्रअनुसार | कम्पोष्टिङ, रिसाइकलिङमा अभ्यस्त |
| ४. | लेखा सहायक (वैकल्पिक) | १ | लेखा र रिपोर्टिङ्ग दक्ष |

**३उपकरणहरु/आवश्यक सामाग्री .**

| सि.नं. | सामाग्री।साधन विवरण | संख्या | कैफियत |
|---|---|---|---|
| १ | ट्राय साइकल।ठेला गाडी सेवा | ३ | कम्तिमा उल्लेखित सवारी हुनुपर्ने । |
| २ | ढाकिएको फोहर बोक्ने गाडी | २ | |
| ३ | ट्रक | १ | |
| ४ | मिनि टाटा | २ | |

बुढानीलकण्ठ नगरपालिका नगर कार्यपालिकाको मिति २०८२।०६।२१ को ७३ औं बैठकबाट पारित बुढानीलकण्ठ नगरपालिकाको फोहोरमैला व्यवस्थापन कार्यविधि, २०८२ प्रमाणीकरण गर्दछु।

..........................

मिठाराम अधिकारी

**प्रमुख**

**मिति २०८२।०६।२१**